बन्दीपुर गाउँपालिका
कार्यपालिका वैठकको निर्णयहरु:
मिति २०८३/०५/२२

| नि.नं. | विषय क्षेत्र/एजेण्डाहरु | निर्णयको व्यहोरा |
|---|---|---|
| १ | अघिल्लो वैठकको समिक्षा सम्वन्धमा। | बन्दीपुर गाउँपालिका अघिल्लो गाउँ कार्यपालिका वैठकमा भएका निर्णयको सम्बन्धमा छलफल गरि समिक्षा गरियो। |
| २ | ग्रामिण पर्यटन भ्रमण वर्ष २०२६ संचालन तथा व्यवस्थापन कार्यविधी संशोधन सम्वन्धमा। | ग्रामिण पर्यटन भ्रमण वर्ष २०२५ संचालन तथा व्यवस्थापन कार्यविधी पहिलो संशोधन- २०८३ पास गर्ने निर्णय गरियो। |
| ३ | बन्दीपुर हाट बजार संचालन सम्वन्धी कार्यविधी संशोधन। | बन्दीपुर हार्ट बजार संचालन सम्बन्धी कार्यविधि पहिलो संशोधन-२०८३ पास गर्ने निर्णय गरियो। |
| ४ | बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका २०८०, पहिलो संशोधन २०८३ सम्वन्धमा। | बन्दीपुर गाउँपालिकाबाट गरिने बजार व्यवस्थापन तथा अनुगमन निर्देशिका २०८०, पहिलो संशोधन -२०८३ पास गर्ने निर्णय गरियो। |
| ५ | बन्दीपुर आवास कार्यक्रम सम्वन्धमा। | बन्दीपुर गाउँपालिका कार्यालयको आ.व २०८३/०८४ को स्वीकृत बन्दीपुर आवास कार्यक्रम वमोजिम बन्दीपुर गाउँपालिका अन्तर्गतका तपसिल वमोजिमको वडाका तपसिल वमोजिमको व्यक्तिलाई उक्त कार्यक्रममा छनौट गर्ने निर्णय गरियो।<br>**तपसिल**<br>➢ दमयन्ती भुजेल – २ आरथुम्का<br>➢ मनकुमारी वि.क- २ थारुवास<br>➢ देउकुमारी आले- ३ कालमुढा<br>➢ सुशिला थापा-४ खहरे<br>➢ प्रमिता गुरुङ- ५ बाहुनभञ्याङ्ग |
| ६ | भुमि वैङ्क कार्यविधी सम्वन्धमा। | बन्दीपुर गाउँपालिका गाउँ कार्यपालिकामा पेश भएको भूमि बैङ्क कार्यविधि थप अध्ययन गरि आगामी कार्यपालिका वैठकमा पेश गर्ने निर्णय गरियो। |
| ७ | ठेक्का योजनाहरुको सम्झौता कार्यान्वयन तथा आवश्यक कानुनी कारवाही सम्वन्धमा। | गत आर्थिक वर्ष एवं बिगतका आर्थिक वर्षहरुमा बन्दीपुर गाउँपालिकाबाट सञ्चालित केही ठेक्का योजनाहरु सम्झौतामा तोकिएको अवधि भित्र सम्पन्न नगरेका तथा ठेक्काको सम्झौता बमोजिम कार्य सम्पन्न नगरेको कारण कार्यसम्पादन जमानत (Performance Security/Bank Gurantee) को अवधि समेत आवश्यक भन्दा कम रहेको देखिएको हुँदा सम्बन्धित ठेक्का सम्झौताका शर्त उल्लघंन गरेको आधारमा त्यस्ता ठेक्काहरुको वस्तु स्थिति, प्राविधिक प्रतिवेदन/टिप्पणी तथा कानुनी आधार परीक्षण गरी सार्वजनिक खरिद ऐन २०६३, सार्वजनिक खरिद नियमावली,२०६४, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम ठेक्का सम्झौता अन्त्य, कार्यसम्पादन जमानत जफत, कालो सूचीका लागि सिफारिस वा अन्य आवश्यक कानुनी प्रकृया एवं प्रचलित कानुन बमोजिम कारवाही गर्ने निर्णय गरियो। |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| ८ | LGPAS सम्बन्धमा। | बन्दीपुर गाउँपालिका कार्यालयको आर्थिक वर्ष २०८२/०८३ को स्थानीय शासन कार्यसम्पादन मूल्याङ्कन प्रणाली (LGPAS) को प्रारम्भिक प्रतिवेदन विषयगत समिति तथा स्वः मूल्याङ्कन समन्वय समितिमा छलफल भई आएको हुँदा, सो प्रतिवेदनमाथि कार्यपालिकामा समेत छलफल गरी आवश्यक पृष्ठपोषणका लागि जिल्ला समन्वय समितिमा पठाउने निर्णय गरियो। |
| ९ | योजना अनुगमन समिति सम्बन्धमा। | पालिकास्तरीय योजना अनुगमन समितिमा १ जना महिला सदस्य खालि रहेकोमा उक्त रिक्त रहेको ठाउँमा बन्दीपुर गाउँपालिका कार्यपालिका सदस्य श्री दमयन्ती थापा मगरलाई राख्ने निर्णय गरियो। |
| १० | स्वास्थ्य शाखा | ➢ बन्दीपुर गाउँपालिका वडा नं. १ स्थित रहेको पिप्ले आधारभूत स्वास्थ्य सेवा केन्द्रको स्तरोन्नती गरि पाँच शैयाको डुम्रे आधारभूत अस्पताल नामाकरण स्वास्थ्य सम्बन्धी सफ्टवेयरहरुमा (eHMIS, DHIS-2, eTB register, PAMS V2) लगायतमा स्वास्थ्य संस्थाको नाम संशोधन गर्ने निर्णय गरियो।<br>➢ डुम्रे आधारभूत अस्पतालमा स-शुल्क औषधी, रेडियोग्राफी तथा ल्याब र अन्य स्वास्थ्य शुल्कहरु(आधारभूत स्वास्थ्य सेवा बाहेक) को विलिङका लागि सफ्टवेयर जडान गर्ने निर्णय गरियो।<br>➢ डुम्रे आधारभूत अस्पताल संचालनका लागि तत्काल आवश्यक पर्ने स-शुल्क औषधी तथा औषधीजन्य सामग्रीहरु (सशुल्क औषधी तथा औषधीजन्य सामग्री खरिद शिर्षकमा रु विनियोजन भएको रकमबाट १०(दश) लाख रुपैया र अत्यावश्यक पर्ने ल्याबको उपकरण र रियाजेन्टहरु( ल्याव उपकरण तथा रियाजेन्ट खरिद व्यवस्थापन) शिर्षकमा विनियोजन भएको रकमबाट रु ५(पाँच) लाख रुपैयाको सोझै खरिद गरि व्यवस्थापन गर्ने निर्णय गरियो।<br>➢ बन्दीपुर गाउँपालिका द्धारा डुम्रे आधारभूत अस्पताल का लागि करार सेवामा बन्दीपुर अस्पतालमा कार्यरत रहेका कर्मचारीहरु तत्काल डुम्रे आधारभूत अस्पतालमा खटाउने निर्णय गरियो।<br>➢ बन्दीपुर गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को स्वास्थ्य शाखा तर्फ आन्तरिक विनियोजन (अस्पताल तथा स्वास्थ्य संस्थाहरुका लागि आधारभूत स्वास्थ्य सेवाका लागि औषधी खरिद शिर्षकमा विनियोजन भएको रु अड्तिस लाख र नेपाल सरकार सशर्त अनुदान तर्फ आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधी खरिद शिर्षकमा रु पन्ध्र लाख सतासी हजार को जम्मा रकम त्रिपन्न लाख सतासि हजारको एकमुष्ठ बोलपत्र आव्हान गरि खरिद गर्ने निर्णय गरियो।<br>➢ बन्दीपुर गाउँपालिकाको १९औ (उन्नासौ) गाउँसभा द्धारा स्वीकृत संगठन तथा व्यबस्थापन सर्वेक्षण O & M अनुसार बन्दीपुर अस्पताल र डुम्रे आधारभूत अस्पतालका लागि आबश्यक पर्ने कर्मचारीहरु सेवा करारमा लिन विज्ञापन/सुचना प्रकाशन गरि पदपूर्ति गर्ने निर्णय गरियो। |
| ११ | भोटेकोशी बाढिपहिरो पिडितका लागि सहयोग सम्बन्धमा। | बन्दीपुर गाउँपालिका कार्यालय अन्तर्गत कार्यरत वडा सदस्यले वाट रु १०००, वडा अध्यक्षहरुवाट रु ३०००, र गाउँपालिका अध्यक्ष, उपाध्यक्ष वाट रु ५००० भोटेकोशी वाढीपिडीतहरुका लागि राहत स्वरुप प्रधानमन्त्री तथा विपद व्यवस्थापन कोषमा रकम जम्मा गर्ने निर्णय गरियो। साथै भोटेकोशी वाढी पिडीतहरुका लागि |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

| | | |
|---|---|---|
| | | गाउँपालिकाबाट रु ५०००००/-(पाचलाख) प्रधानमन्त्री तथा विपद व्यवस्थापन कोषमा रकम जम्मा गर्ने निर्णय गरियो। |
| १२ | ठेक्का आव्हान सम्बन्धमा। | आ.व. २०८३/०८४ का लागि बन्दीपुर गाउँपालिकाको क्षेत्रभित्र व्यवसाय दर्ता नगरी अस्थाइ रुपमा बिभिन्न स्थानमा घुम्दै व्यापार गर्ने (व्यक्ति, फर्म, वा कम्पनी ) पटके व्यापारीहरुलाई व्यवस्थापन गर्न तथा राजस्व संकलनलाई प्रभावकारी बनाउन तथा गाउँपालिकाको आन्तरिक आयलाई वृद्धि गर्ने उद्देश्यले प्रचलित ऐन, कानून,नियम तथा गाउँपालिकाको आर्थिक ऐनमा व्यवस्था भए बमोजिम चालु आर्थिक वर्ष २०८३/०८४ मा न्यूनतम अंक (भ्याट र अग्रिम आयकर बाहेक) रु १,५०,०००।( एक लाख पचास हजार) कायम गरी पटके व्यपारी कर संकलन कार्य ठेक्का गर्ने निर्णय गरियो। |
| १३ | तिनधारा पिकनिक स्पोर्ट /चुनपहरा संरक्षण क्षेत्र | ➢ बन्दीपुर गाउँपालिका वडा नं. ४ अन्तर्गत रहेको तीनधारा पिकनिक स्पोट संरक्षण, सञ्चालन , व्यवस्थापन तथा राजस्व संकलन कार्यलाई व्यवस्थित गर्नको लागि तिनधारा टोल विकास संस्था सग प्रचलित कानुन वमोजिम सम्झता गर्ने र उक्त क्षेत्रबाट प्राप्त हुने कुल आम्दानीमध्ये ५१ प्रतिशत सम्बन्धित व्यवस्थापन समितिलाई सञ्चालन, संरक्षण, सरसफाइ तथा व्यवस्थापन खर्चका लागि उपलब्ध गराउने तथा ४९ प्रतिशत बन्दीपुर गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्ने व्यवस्था मिलाई प्रचलित कानुनबमोजिम सम्झौता गरी कार्यान्वयनका लागि निर्णय गरियो।<br>➢ बन्दीपुर गाउँपालिका वडा नं. ४ अन्तर्गत रहेको चुनपहरा प्राकृतिक रमणीय स्थल संरक्षण समिति सञ्चालन, व्यवस्थापन तथा राजस्व संकलन कार्यलाई व्यवस्थित गर्नको लागि चुनपहरा संस्था सग प्रचलित कानुन वमोजिम सम्झौता गरि उक्त क्षेत्रबाट प्राप्त हुने कुल आम्दानी मध्ये ५१ प्रतिशत सम्बन्धित व्यवस्थापन समितिलाई सञ्चालन, संरक्षण, सरसफाइ तथा व्यवस्थापन खर्चका लागि उपलब्ध गराउने तथा ४९ प्रतिशत बन्दीपुर गाउँपालिकाको आन्तरिक राजस्व खातामा जम्मा गर्ने व्यवस्था गर्ने निर्णय गरियो। |
| १४ | फुटपाथ व्यावसायी | बन्दीपुर गाउँपालिका भित्र फुटपाथमा साना व्यवसाय संचालन गर्ने सम्पूर्ण फुटपाथ व्यवसायीहरु सँग दैनिक रु २०(बिस रुपैया) उठाउने निर्णय गरियो। |
| १५ | थुम्का भजन समूह, बन्दीपुर ५, तनहुँ। | बन्दीपुर गाउँपालिका वडा नं. ५ स्थित रहेको थुम्का भजन समूहलाई बजेट उपशिर्षक ८०४३८५०५१०६, खर्च शिर्षक २२५२९(सरकारी, गैर सरकारी संघ संस्था साझेदारी, धर्म संस्कृती, भाषा, भेषभुषा) क्र.सं. १७ मा रु ५००,०००/- विनियोजन भएको रकम मध्येबाट रु ५०,०००/-(अक्षरपि पचास हजार रुपैया) रकम छुट्याउने निर्णय गरियो |
| १६ | चण्डेश्वरी नेवा:खल, बन्दीपुर-१ छाप। | बन्दीपुर गाउँपालिका वडा नं. १ छाप स्थित रहेको चण्डेश्वरी नेवा:खल लाई बजेट उपशिर्षक ८०४३८५०५१०६, खर्च शिर्षक २२५२९(सरकारी, गैर सरकारी संघ संस्था साझेदारी, धर्म संस्कृती, भाषा, भेषभुषा) क्र.सं. १७ मा रु ५००,०००/- विनियोजन भएको रकम मध्येबाट रु ३०,०००/-(अक्षरुपि तिस हजार रुपैया) नेवारी बाजा तथा भेषभुषा खरिदका लागि रकम छुट्याउने निर्णय गरियो |
| १७ | बिधुत पोल स्थानान्तरण | बन्दीपुर गाउँपालिका वडा नं. १ स्थित वानियाटारमा ४००/२३० भोल्टको वितरण लाईन स्थानान्तरण गर्नको लागि लागत अनुमान अनुसार भ्याट सहित रु |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner

| | | |
|---|---|---|
| | | ३६९४९.३८ (छत्तिस हजार नौ सय उनन्पचास रुपैया) नेपाल विधुत प्राधिकरण, तनहुँ वितरण केन्द्र लाई भुक्तानी दिने निर्णय गरियो |
| १८ | खेलकुद कार्यक्रम सम्बन्धमा। | ➢ बन्दीपुर गाउँपालिका वडा नं. २ स्थित रहेको गोरखकाली युवा क्लवलाई शिक्षा युवा तथा खेलकुद शाखा को वजेट उपशिर्षक ८०४३८५०५१०४, खर्च शिर्षक २२५२२(अधक्ष कप तथा अन्य खेलकुद कार्यक्रम) बाट रु ३०,०००/- सहयोग गर्ने निर्णय गरियो। <br> ➢ बन्दीपुर गाउँपालिका वडा नं. ४ स्थित रहेको टुडिखेल टोल विकास संस्थालाई प्रथम टुडिखेल कप फुटबल प्रतियोगिताका लागि शिक्षा युवा तथा खेलकुद शाखा को वजेट उपशिर्षक ८०४३८५०५१०४, खर्च शिर्षक २२५२२(अध्यक्ष कप तथा अन्य खेलकुद कार्यक्रम) शिर्षकवाट रु ५०,०००/- सहयोग गर्ने निर्णय गरियो। |
| १९ | आर्थिक सहयोग सम्बन्धमा। | बन्दीपुर गाउँपालिका अन्तर्गत रहेका तपसिल वमोजिमका व्यक्तिहरुलाई तपसिलमा उल्लेखित रकम आर्थिक सहयोग गर्ने निर्णय गरियो। <br> ➢ शम्भु लाल वि.क- बन्दीपुर- १, नाहाल रु १५,०००/- <br> ➢ हिरा ब कार्की- वडा नं.-२, तनहुँ रु १०,०००/- <br> ➢ सुस्मिता भुजेल- बन्दीपुर-२, तनहुँ – १५,०००/- <br> ➢ अनुषका गुरुङ- बन्दीपुर- २ हलथुम्का- १०,०००/- <br> ➢ निरा माया गुरुङ- बन्दीपुर-३, तनहुँ रु १५,०००/- <br> ➢ हर्क बहादुर लामा बन्दीपुर ४, तनहुँ रु ७,०००/- <br> ➢ शम्सेर कामी बन्दीपुर ५, तनहुँ रु १५,०००/- <br> ➢ बुद्धि वहादुर परियार- बन्दीपुर-६, तनहुँ रु १०,०००/- |

कमल बहादुर के.सी.
प्रमुख प्रशासकीय अधिकृत

सुरेन्द्र बहादुर थापा
अध्यक्ष

CamScanner